# कार्यपालिका बैठक नं ४५

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकाको यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो। अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखिएको साथै सोको प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

जैमिनी नगरपालिका अन्तर्गत कक्षा ७ को स्थानीय पाठ्यक्रममा आधारित परामर्शदाता संस्थाबाट तयार गरिएको पाठ्यपुस्तकमा स्वीकृत गरी यसै वर्ष शैक्षिक सत्रदेखि शुरुवात गर्ने निर्णय गरियो।

निर्णय नं ३

जैमिनी नगरपालिकाको कार्यक्रम, कार्यवोझ, कार्य प्रकृति, वित्तिय अवस्था र जनशक्ति आदि विभिन्न आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त संगठन संरचना निर्माण गर्ने सम्बन्धमा

संगठन तथा ब्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ तथा कर्मचारी समायोजन ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, गण्डकी प्रदेश सरकाद्धारा प्रकाशित स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा ब्वयस्था गर्न बनेको ऐन, २०७९ को परिच्छेद-३, स्थानीय सेवाको गठन सञ्चालन र सञ्चालन नियमावली, २०८० को परिच्छेद-३, नियम १५, १७ लगायत प्रचलित कानूनको आधारमा रही जैमिनी नगरपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षणगर्न यस नगरपालिकाबाट चालु आ.ब.२०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम परामर्शदाता संस्थाबाट प्रक्रिया अगाडी बढाइएकोमा परामर्शदाता संस्थाबाट तयार गरिएको संगठन तथा ब्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन-प्रतिवेदन छलफल गरियो। छलफलबाट प्राप्त भएका सुझावहरु संगठन तथा ब्यवस्थापन (O&M) सर्वेक्षण अध्ययन-प्रतिवेदनमा अद्यावधिक गरी नगरसभाबाट अनुमोदन हुनेगरी स्वीकृत गर्ने ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ४

यस नगरपालिकाको वडा नं ९ मा वडा कार्यालय भवन तथा स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने सन्दर्भमा नेपाल सरकार, म.प.वै.सं. ८/०८२, मिति २०८२/२/१२ को निर्णय बमोजिम प्रकरण नं. ४ मा उल्लेख भए बमोजिम जग्गा प्राप्ति स्वीकृतिको निर्णय भइ सहमति प्राप्त भएको छ । जग्गा प्राप्ति ऐन २०३४ -संशोधन सहित_ को दफा ५ बमोजिम √(१) दफा ३क. को प्रयोजनको लागि जग्गा प्राप्त गर्ने नेपाल सरकारले निर्णय प्राप्त भइसकेकाले यस कार्यालयबाट जग्गा प्राप्त प्रारम्भिक कारबाही चलाउन साथै दफा ८. बमोजिम प्रारम्भिक कारबाहीको ठहर

सम्बन्धी प्रतिवेदन पेश गर्न लगायत आवश्यक कार्यविवरण सहित जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारबाही चलाउने अधिकारीको रुपमा शिक्षा उपसचिव श्री खेम प्रसाद आचार्यलाइ तोक्ने।

निर्णय नं ५

जैमिनी नगरपालिकाको १७ औं नगर सभा २०८२ आषाढ ८ र ९ गते गर्नका लागि निम्नानुसारको कार्ययोजना अनुरुप तयारी गर्ने

**प्रस्तावित मिति र कार्यक्रमहरु/क्रियाकलाप**

| क स | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक | २०८१।३।२ गते सम्पन्न गर्ने |
| २ | विषयगत समितिहरुको बैठक | २०८२।२।३० देखि ३।२ गते सम्म सम्पन्न गर्ने |
| ३ | नीति तथा कार्यक्रम तथा बजेट बक्तब्यको अन्तिम मस्यौदा तयारी | २०८१।३।४ गते सम्म सम्पन्न गर्ने |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८१।३।६ गते विहान ८ बजे |
| ५ | कार्यपालिकाको बैठक | २०८१।३।६ गते, विहीवार १ बजे |
| ६ | नगरसभाको बैठक प्रारम्भ, नीति तथा कार्यक्रम पेश | २०८१।३।८ गते, आइतवार |
| ७ | नगरसभाको बैठक | २०८१।३।९ गते, सोमवार |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत